# एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS)
# मार्गचित्र २०२२-२०३०

स्वास्थ्य सेवा बिभाग
व्यवस्थापन महाशाखा
एकिकृत स्वास्थ्य व्यवस्थापन शाखा
टेकु, काठमाडौँ

२०७८

# एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (IHIMS)

## मार्गचित्र २०२२-२०३०

मन्त्री स्तरीय स्वीकृत
मिति २०७८/३/२४


स्वास्थ्य सेवा विभाग
व्यवस्थापन महाशाखा
एकिकृत स्वास्थ्य व्यवस्थापन शाखा
टेकु, काठमाडौं



२०७८

## Contents


१.पृष्ठभूमि (Background)....3

१.१ नेपालको स्वास्थ्य क्षेत्रको सूचना प्रणाली....4

१.२ मार्गचित्रको उपादेयता....7

२. नेपालमा एकीकृत स्वास्थ्य सूचना प्रणालीको ऐतिहासिक पृष्ठभूमि....7

३ मुख्य चुनौती तथा प्राथमिकताहरु (Issues and Priorities)....12

४. निर्देशक सिद्धान्त....13

५. रणनीतिक दिशा....14

६. नतिजा खाका....15

७. एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्गचित्र कार्यान्वयनका लागि संस्थागत संरचना र तहगत कार्यहरु....18

७.१. संघीय तह....18

७.२. प्रदेश तह....23

७.३. स्थानीय तह....23

८. मार्गचित्रको कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन....23

९. मार्गचित्र कार्यान्वयनका सम्भावित जोखिमहरु....27

१० मार्गचित्रको दिगोपनाको लागि योजना....27


Ministry of Health & Population
Department of Health Services
Teku, Kathmandu

DIRECTOR

# Contents


१.पृष्ठभूमि (Background) .......... 2

१.१ नेपालको स्वास्थ्य क्षेत्रको सूचना प्रणाली .......... 3

१.२ मार्गचित्रको उपादेयता .......... 6

२. नेपालमा एकीकृत स्वास्थ्य सूचना प्रणालीको ऐतिहासिक पृष्ठभूमि .......... 6

३ मुख्य चुनौती तथा प्राथमिकताहरु (Issues and Priorities) .......... 11

४. निर्देशक सिद्धान्त .......... 12

५. रणनीतिक दिशा .......... 13

६. नतिजा खाका .......... 14

७. एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्गचित्र कार्यान्वयनका लागि संस्थागत संरचना र तहगत कार्यहरु .......... 17

७.१. संघीय तह .......... 17

७.२. प्रदेश तह .......... 22

७.३. स्थानीय तह .......... 22

८. मार्गचित्रको कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन .......... 22

९. मार्गचित्र कार्यान्वयनका सम्भावित जोखिमहरू .......... 26

१० मार्गचित्रको दिगोपनाको लागि योजना .......... 26

## १.पृष्ठभूमि (Background)

स्वास्थ्य सेवा सुदृढीकरण गर्न स्वास्थ्य प्रणालीका ६ वटा आधार स्तम्भ मध्ये महत्वपुर्ण आधारको रुपमा रहेको स्वास्थ्य सूचना प्रणाली हो । यसलाई ब्यवस्थित रुपमा सचालन गर्नका लागि सूचनाको संकलन, प्रशोधन, प्रस्तुतीकरण, विश्लेषण तथा सार्वजनिकरण गरि सूचनालाई प्रयोग योग्य बनाउनका लागि एकिकृत स्वस्थ्य सूचना ब्यवस्थापन प्रणालीलाई (Intregated Health Information Management System) सुदृढीकरण गर्न आवश्यक छ । स्वास्थ्य प्रणालीका सबै कार्यक्रमहरूको कार्य सम्पादनको प्रकृया, कार्य सम्पादन अवस्था तथा असरहरूको मापन तथा तथ्यमा आधारित निर्णयका लागि दिशानिर्देश गर्न गुणस्तरिय स्वास्थ्य सूचनाको आवश्यकता पर्दछ । स्वास्थ्य प्रणालीका पक्षहरूको कार्यसम्पादन लागि आवश्यक विभिन्न स्वास्थ्य सूचकहरूको निर्धारण गरि स्वास्थ्य प्रणालीका पक्षहरूको कार्यान्वयन तथा मूल्याङ्कनका लागि प्रभावकारी स्वास्थ्य सूचना प्रणालीको आवश्यकता र औचित्य अपरिहार्य छ।

स्वास्थ्य नीति तथा रणनीतिहरुमा स्वास्थ्य सूचना प्रणालीको लागि आवश्यक लगानी र प्राथमिकतालाई जोड दिएको पाइन्छ । हाल स्वास्थ्य क्षेत्रमा विभिन्न सूचना प्रणालीहरू अलग अलग रुपमा प्रयोग भई रहेका छन् । यसरी अलग अलग अस्तित्वमा रहेका सूचना प्रणालीहरुबाट प्राप्त सूचनाहरुलाई पारस्परिक सम्बन्धका आधारमा एकिकृत स्वास्थ्य सूचना प्रणालीसंग सामन्जस्यता ल्याउन नितान्त आवश्यक देखिन्छ।

*चित्र १: तथ्यांकलाई सूचनामा परिवर्तनका साथै स्वास्थ्य सूधारका लागि तथ्यमा आधारित निर्णय प्रक्रिया*




स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा उमेर, लिङ्ग, जात जातिका आधारमा छुट्याइएको तथ्याङ्क सहित प्रतिवेदन गर्ने परिपाटिको विकास भएतापनि स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) र १५ औं योजना, स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यसंग(Sustainable Development Goal) सम्बन्धित

सूचकहरु मार्ग चित्रमा समावेस गरी स्वास्थ्य सूचना प्रणालीको दायरा फराकिलो बनाउन आवश्यक छ । सर्वोत्तम स्वास्थ्य सेवाका लागि उपयुक्त निर्णय लिन सही सूचना आवस्यक पर्दछ जसका लागि तथ्यांकलाई सूचनामा परिणत गरि, निर्णयका लागि तथ्यहरु तयार गर्न निश्चित प्रकिया अबलम्बन गरिन्छ (चित्र १) । निर्णय प्रक्रियाकालागि समयमै तथ्यांकको सहज पहुँचका साथै विश्लेषण गर्न र तथ्यका आधारमा निर्णय गर्ने परिपाटिलाई तीन तहका सरकारमा संस्थागत गर्नका लागि विद्युतीय स्वास्थ्य सूचना प्रणालीहरु आवश्यक छ ।

संघीय शासन प्रणाली लागुभएको सन्दर्भमा तीनै तहमा राज्यले स्वास्थ्यमा गरेको लगानीको अधिकतम प्रतिफल सुनिश्चित गर्न र त्यसबाट स्वास्थ्य क्षेत्रमा देखिएका प्रभावलाई कुशलतापूर्वक मापन गर्नका लागि स्पष्ट दिशानिर्देश गर्न एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन मार्गचित्रको आवश्यकता देखिएको छ । यसका लागि उपयुक्त स्वास्थ्य संरचना र दिगो लगानीको (Sustainable Financing) सुनिश्चितता हुनु पर्दछ र यसबाट तथ्यमा आधारित नीति निर्माण र योजना तर्जुमालाई सुधार गर्न सहयोग पुर्याउने आशा गरिएको छ।

आधुनिक सूचना र सञ्चार प्रविधिमा भएको विकासले नयाँ अवसरहरु ल्याएको छ । डिजिटल प्रविधिको स्थापना तथा उपयुक्त प्रयोगलाई प्रबर्धन गरी तोकिएको मापदण्ड अनुसार तथ्याङ्क र सूचनाहरु परस्पर प्रवाह (Interoperatability) र प्रयोग गर्न सकिने गरी विद्यमान सूचना प्रणालीहरुलाई एकिकृत रुपमा संचालन गर्नु पर्ने आवश्यकता रहेको छ । तथ्यमा आधारित स्वास्थ्य नीति र कार्यक्रमहरुको व्यवस्थापनका लागि डिजिटल सूचना प्रविधिहरुको रणनीतिक र नवीनतम प्रयोगहुन जरुरी देखिन्छ ।

### १.१ नेपालको स्वास्थ्य क्षेत्रको सूचना प्रणाली

हाल नेपालमा स्वास्थ्यसंग सम्बन्धित तथ्यांकहरु विभिन्न क्षेत्रबाट उपलब्ध हुने अवस्था रहेको छ। सेवा प्रदायक संस्थाहरुबाट प्रतिवेदन भएका तथ्यांक, रोग निगरानीसंग सम्बन्धित तथ्यांक (प्रारम्भिक चेतावनी र प्रतिवेदन प्रणाली, मातृ शिशु मृत्यु निगरानी र प्रतिकार्य प्रणाली, एच आई भी/एड्स, कुष्ठरोग, औलो, कालाजार, आई पी डी – Immunization Preventable Diseases, आदि), महत्त्वपूर्ण घटना दर्ता सम्बन्धित तथ्यांक (जन्म, मृत्यू, बसाई सराई, विवाह, सम्बन्ध विच्छेद ) र जनगणना/जनसंख्यामा आधारित तथ्यांकहरु संकलन गर्ने अभ्यास संचालनमा रहेका छन् (चित्र २) ।

*चित्र २: विद्यमान स्वास्थ्य तथ्याङ्कका स्रोतहरु र स्वास्थ्य सूचना प्रणाली*




हाल स्वास्थ्य क्षेत्रका मुख्य सूचना प्रणालीहरु निम्नानुसार रहेका छन :

क) स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Health Management Information System):
यो प्रणालीले देशभरका स्वास्थ्य संस्थाहरु (सरकारी, गैर-सरकारी) बाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको विवरण मासिकरुपमा अनलाईन मार्फत प्रतिवेदन भै रहेको ।

ख) वित्त व्यवस्थापन सूचना प्रणाली(Financial Management Information System) : अर्थ मन्त्रालयले निर्धारण गरेको वित्त व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयर मार्फत नियमित रुपमा प्रतिवेदन हुने गरेको ।

ग) आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Logistics Management Information System): यस प्रणालीबाट संघ, प्रदेश, जिल्ला, स्थानीय तहबाट र प्रणाली लागू भएका स्वास्थ्य संस्थाहरुबाट अनलाईन मार्फत औषधि तथा औषधिजन्य सामाग्रिहरुको आपूर्ति, वितरण, मौज्दातको विवरण नियमित प्रतिवेदन हुने गरेको ।

घ) स्वास्थ्य पूर्वाधार सूचना प्रणाली (Health Infrastructure Information System) : देश भरमा रहेका स्वास्थ्यका भौतिक संरचनाहरु र सो संग सम्बन्धित विवरणहरु (जग्गा, पानीको श्रोत, बाटो, विद्युत आपूर्ति आदि) को लगतको अध्याधिक हुने गरेको ।

ङ) स्वास्थ्य सेवा प्रणालीमा रहेका भौतिक सम्पत्तिको योजना तथा व्यवस्थापन सूचना
(Planning and Management of Assets in Health Care System): देश भरमा रहेका सरकारी अस्पतालहरुको भौतिक सम्पत्ति र सो संग सम्बन्धित विवरणहरु (मेसिनरी औजारहरु) को लागत अध्याधिक हुने गरेको ।

च) मानव संशाधन सूचना प्रणाली ( Human Resource Information System): स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत रहेका सम्पूर्ण स्थायी जनशक्तिहरुको विवरण राख्ने र अध्यावधिक हुने गरेको । यसलाई पुनरावलोकन गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता छ ।

छ) तालिम सूचना व्यवस्थापन प्रणाली (Training Information Management System) : यो प्रणालीले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रले निर्धारण गरेका पाठ्यक्रमको आधारमा संचालित तालिम लिएका सहभागिहरुको विवरण अध्यावधिक गर्ने गरिएको ।

ज) आयुर्वेदिक स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (Ayurveda Health Management Information System) : यो प्रणालीले आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा सेवा दिने स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको विवरण मासिक रुपमा अनलाईन मार्फत प्रतिवेदन भै रहेको ।

झ) औषधि सूचना सञ्जाल (Drug Information Network ) : यो प्रणालीमा नेपालमा प्रचलित औषधिहरुको बारेमा विस्तृत जानकारी दिने गरेको ।

ञ) प्रारम्भिक चेतावनी र प्रतिवेदन प्रणाली (Early Warning and Reporting System) : यो प्रणाली मार्फत मुख्य-मुख्य सरुवारोग, किटजन्य रोग र समय-समयमा देखिने महामारी रोगको तोकिएका सेन्टिनेल साइटबाट तत्काल एवं साप्ताहिक रुपमा प्रतिवेदन हुने गरेको ।

ट) स्वास्थ्य विमा सूचना प्रणाली (Health Insurance Information System) : यो प्रणाली मार्फत स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्था, (प्रथम विन्दु र प्रेषण विन्दु), सेवाग्राहीको विवरणको अध्यावधि भैरहेको ।

ठ) स्वास्थ्य संस्था पंञ्जिकरण (Health Facility Registry) : यो प्रणालीमा देशभरका सरकारी तथा गैरसरकारी सवै स्वास्थ्य संस्थाहरुको विवरण अध्यावधिक भैरहेको ।

ड) विद्युतिय मेडिकल अभिलेख प्रणाली (Electronic Medical Record System) : यो प्रणालीमा अस्पतालबाट प्रदान गरिने सम्पूर्ण स्वास्थ्य सेवा लगायत अन्य क्रियाकलापहरुको विवरण समेतको अभिलेखिकरण अध्यावधिक भैरहेको ।

ढ) विद्युतिय स्वास्थ्य अभिलेख प्रणाली (Electronic Health Record System) : यो प्रणालीमा स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सम्पूर्ण स्वास्थ्य क्रियाकलापहरुको एक आपसमा पारस्परिक सम्बन्धको (Linkage) विवरण समेतको अभिलेख अध्यावधिक हुने ।

ण) भि पी डी निगरानी (vaccine preventable diseases ): यो प्रणालीमा भ्याक्सिनवाट रोकथाम गर्न सकिने रोगहरुको निगरानी, निरन्तरता, दिर्घाकालिन तथ्य आधारित जानकारी प्रदान गर्ने ।

माथि उल्लेख भएका स्वास्थ्य सूचना प्रणालीहरुमध्ये हाल धेरै जसो नियमित संचालनमा रहेका छन । केही नियमित रुपमा संचालनमा नआएका जस्तै: मानव संशाधन सूचना प्रणाली, औषधि सूचना सञ्जाल जस्ता सूचना प्रणालीहरुलाई निकट भविष्यमा संचालनमा ल्याई स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु पर्ने आवश्यकता छ ।

### १.२ मार्गचित्रको उपादेयता

धेरै देशहरुले स्वास्थ्य योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रिया र एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई स्वास्थ्य व्यवस्थापनको अभिन्न अंग स्वीकार गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्न थालिसकेका छन् । अधिकांश बिकाससिल देशहरुका स्वास्थ्य सूचना प्रणालीहरु र तिनका अनुभवहरुलाई हेर्दा मन्त्रालय, विभाग, निजी क्षेत्र र विकास साझेदार संघ संस्थाहरु बीच एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सुद्दढ गर्नका लागि समन्वय र साझेदारी बढाएको पाईन्छ ।

नेपालको स्वास्थ्य क्षेत्रमा छुट्टा छुट्टै रुपमा रहेका सूचना प्रणालीहरू लाई पारस्परिक सम्बन्धका आधारमा एकिकृत स्वास्थ्य सूचना प्रणालीसंग जोडदै देहायका कार्यहरु गर्नु यस मार्ग चित्रको आवश्यकता देखिन्छ ।

- विभिन्न स्वास्थ्य सूचना प्रणालीहरुलाई नियमित स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसंग समायोजन गर्दै लैजानु पर्ने ।
- सूचना ब्यवस्थापनमा आधुनिक सूचना प्रबिधीको प्रयोग बढाउनु पर्ने।
- तथ्यमा आधारित योजना तर्जुमा र व्यवस्थापनका लागि तथ्याङ्क विश्लेषण र प्रयोग गर्ने सम्बन्धमा संस्थागत क्षमता अभिबृद्दि गर्नु पर्ने ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानी अनुसारको प्रतिफल विश्लेषण तथा अनुगमन गर्ने नियमित तथ्यांकिय प्रणालीको विकास गर्नु पर्ने ।
- ई-श्रोतकेन्द्र (E-resource center) को स्थापना गर्नु पर्ने ।
- सूचना ब्यवस्थापनको संस्थागत बिकासका लागि एकिकृत मार्ग-चित्रको ब्यवस्था गर्नु पर्ने ।

## २. नेपालमा एकीकृत स्वास्थ्य सूचना प्रणालीको ऐतिहासिक पृष्ठभूमि

आर्थिक बर्ष २०५०/०५१ भन्दा पहिला नेपालको स्वास्थ्य सूचना प्रणाली विभिन्न कार्यक्रमहरुको छुट्टा छुट्टै रुपमा प्रतिबेदन हुने गरेको थियो । वि सं २०४८ देखि एकिकृत स्वास्थ्य सेवा प्रणालीको विकास भए पश्चात आर्थिक बर्ष २०५०/०५१ देखि छरिएका स्वास्थ्य सूचना प्रणालीलाई एकिकृत गरि प्रतिवेदनमा ल्याउने पद्दतिको विकास हुनुका साथै स्वास्थ्य सूचना ब्यवस्थापन शाखा (HMIS section) को स्थापना भएको हो । जस अनुसार समुदाय स्तरमा भएका स्वास्थ्य गतिविधिहरु र स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएको स्वास्थ्य सेवाहरुको अभिलेख तथा प्रतिवेदन गर्ने परिपाटिको विकास भएको थियो । वि.स. २०५४ सालमा स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीमा केही परिमार्जन गरिएको थियो भने वि.सं २०६३ देखि २०६८ सम्म ललितपुर, पर्सा र रुपन्देही गरि तीन वटा जिल्लाहरुमा स्वास्थ्य क्षेत्र सूचना प्रणाली (Health Sector Information System) परिक्षणको रुपमा लागु गरिएको थियो र सो को नतिजा पस्चात स्वास्थ्य क्षेत्र सूचना प्रणालीमा भएका राम्रा पक्षहरुलाई समेटेर ७२ जिल्लाहरुमा भई रहेको स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीलाई समायोजन गरि नयाँ स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीको विकास आ ब २०६९।७० मा गरियो । तत्

पस्चात परिमार्जित स्वास्थ्य ब्यवस्थापन सूचना प्रणालीको देश भरि नै सम्पुर्ण सरकारी स्वास्थ्य संस्थाहरुमा कार्यरत सवै कर्मचारिहरुलाई एकै पटक तालिम संञ्चालन गरिएको थियो।

हाल प्रविधिमा भएको विकाससँगै वेबमा आधारित तथ्याङ्क प्रविष्टि तथा व्यवस्थापन प्रणाली मार्फत काम भैरहेको छ । त्यो भन्दा अझ महत्वपूर्ण कुरा, सन् २०१४ देखि नि:शुल्क र खुला स्वास्थ्य व्यवस्थापन तथ्याङ्क प्ल्याटफर्मका रुपमा जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS-2) लाई विस्तार गर्ने तर्फ प्रयासहरु भइरहेको थियो, तथापि प्रदेश र स्थानीय तहका स्वास्थ्यकर्मीहरु र व्यवस्थापकहरुको स्वास्थ्य सेवा सम्बन्धी तथ्यमा आधारित योजना तर्जुमा र व्यवस्थापनका लागि तथ्याङ्क विश्लेषण र प्रयोग गर्ने क्षमता विकासमा केही समस्या अझै विद्यमान नै छन् । दुर्गम स्थानका स्वास्थ्य संस्थाहरुको इन्टरनेट सेवा र सूचना प्रविधिको पहुँच सीमित छ । देशभरिका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सूचना समयमा नै पाउनका लागि आवधिक पुनरावलोकन, नियमित निगरानी र अनुगमनको आवश्यकता छ ।

त्यसपछि केही मुख्य विकास साझेदारहरुको सहयोगमा एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको दायरालाई विस्तार गर्ने र सुदृढ गर्नेतर्फ धैरै प्रयासहरु र प्रगतिहरु भइरहेका छन् । सन् १९९७ मा देशभरि शुरु गरिएको आपूर्ति व्यवस्थापन सूचना प्रणाली (Logistic Management Information System) आपूर्ति व्यवस्थापन सम्बन्धी सूचनाको व्यवस्थापनमा एक कोशे ढुङ्गा सावित भएको छ । त्यसैगरी सन् २००४ मा पहिलो टेलिमेडिसिन, सन् २००७ मा स्वास्थ्य क्षेत्र सूचना रणनीति, सन् २०१२ मा लेखाको दैनिक कारोवार तथा बजेट नियन्त्रण प्रणाली (Transaction Accounting and Budget Control System) सन् २०१३ मा स्वास्थ्य संस्थास्तरमै अनलाइन तथ्यांक प्रविष्टि गर्न मिल्ने स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र सन् २०१६-१७ मा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली र पूर्व चेतावनी तथा प्रतिवेदन प्रणाली (Early Warning and Reporting System) लाई जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS-2) मा समायोजन गर्ने काम भएका छन।

हालको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा लगभग सबै सरकारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रहरुबाट ई-प्रतिवेदन (e-reporting) प्राप्त भै रहेका छन् र ८८ प्रतिशत अस्पतालहरुले कोभिड-१९ सम्बन्धी प्रगति विवरण र ड्यासबोर्ड (Dashboard)व्यवस्थापन लगायतका काम गरिरहेका छन् । सरकारी स्वास्थ्य संस्थामध्ये ८० प्रतिशत संस्थाले आपूर्ति व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन गरिरहेका छन् । तथापि, ४२ प्रतिशत प्राथमिक स्वास्थ्य इकाइहरु र १४ प्रतिशत अस्पतालहरुले मात्र समयमै (महिना सकिएको १५ दिनभित्र) स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा प्रतिवेदन दिने गरेका छन् । स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा हालसम्म ६,३६६ सरकारी र २,४०६ गैर-सरकारी समेत गरी जम्मा ८,७७२ स्वास्थ्य संस्थाहरु दर्ता भएका छन् । प्राप्त हुने प्रतिवेदन मध्ये, २६ प्रतिशत स्वास्थ्य संस्था आफैले जिल्ला स्वास्थ्य सूचना प्रणाली (DHIS2) मा अनलाइन प्रविष्ट गर्ने गरेका छन र बाँकी स्थानीयतहको सहयोगमा प्रविष्ट गरेको पाइन्छ। र केही स्वास्थ्य संस्थाहरुको प्रतिवेदन जिल्ला स्थित स्वास्थ्य कार्यालयहरुको सहयोगमा प्रविष्ट गरेको पाइन्छ।

यस सन्दर्भमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हालै स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली, आपूर्ति व्यवस्थापन सूचना प्रणाली र स्वास्थ्य संरचना सूचना प्रणालीलाई एकीकृत गर्ने काम थालेको छ । अन्य स्वास्थ्य सूचना प्रणालीहरुलाई पनि एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको रणनीतिक दिशा र कार्यान्वयन योजनामा आधारित भएर एकीकृत गर्दै जाने सोच राखेको छ । एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ऐतिहासिक विकास क्रमलाई निम्न चित्र मार्फत स्पष्ट गरिएको छ ।

### विद्युतिय आपूर्ति व्यवस्थापन सूचना प्रणाली

(electronic Logistics Management Information System - eLMIS)

आ.व. २०५१/०५२ देखि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आपूर्ति व्यवस्थापन सूचना प्रणाली (LMIS) संचालनमा रहेको छ ।

LMIS प्रतिवेदनलाई स्थानिय तहबाटै entry गर्न तथा जिन्सी व्यवस्थापनलाई अझ सुदृढ गर्न २०७५ साल बैशाख देखि वेवमा आधारीत eLMIS प्रणाली सुरु भई हाल देशभरका ७ वटै प्रदेश, ७७ स्वास्थ्य कार्यालय, ७५३ स्थानिय तह र क्रमशः स्वास्थ्य संस्थाहरुमा संचालन भइरहेको छ ।

स्वास्थ्य संस्थाहरुमा प्राप्त हुने र वितरण हुने प्रत्येक औषधि, खोप तथा सामग्रीहरूको व्याच नम्बर, म्याद गुज्रने मिति जस्ता महत्वपूर्ण सूचनाहरू eLMIS मा समावेश गरिएको छ । eLMIS बाट जिन्सी ब्यवस्थानमा प्रयोगहुने म.ले.प.फारामहरु जस्तै हस्तान्तरण फाराम, दाखिला प्रतिवेदन, जिन्सी खाता, खरिद आदेश सजिलै तयार हुने गरेको छ । साथै eLMIS संचालन नभएका स्वास्थ्य संस्थाहरुबाट प्राप्त एल.एम.आइ.एस. फाराम स्थानिय तहबाट नै प्रविष्ट हुँदै आएको छ ।

**चित्र ४: एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली र ई-स्वास्थ्य प्रतिवेदनको विकासक्रम**



स्वास्थ्य क्षेत्रको सूचना प्रणालीलाई व्यवस्थित गर्नका लागि स्थानीय, प्रदेश र संघीय तहबाट आफू अन्तर्गतका स्वास्थ्य संस्थाको मासिक प्रतिवेदन केन्द्रीय सूचना प्रणालीमा प्रविष्ठ गर्ने तथा अन्य सूचनाहरू समेत स्वास्थ्य संस्थाहरूबाट स्थानीय तहमा, स्थानीय तहले स्वास्थ्य कार्यालयहरूमा, स्वास्थ्य कार्यालयहरूले स्वास्थ्य निर्देशनालयहरूमा र स्वास्थ्य निर्देशनालयहरूले स्वास्थ्य सेवा विभागमा पठाउने संस्थागत व्यवस्था गरी स्थानीय देखि संघीय तहसम्म नियमित, निस्चित समयसिमा भित्र पूर्ण विवरण सहितको प्रतिवेदन गर्ने-गराउने" मन्त्रीपरिषदको मिति २०७६।०३।२४ मा निर्णय भएको छ ।

नेपाल सरकारले राष्ट्रिय विद्युतीय स्वास्थ्य रणनीति, २०७४ (National eHealth Strategy 2017) र सो को मार्गचित्र २०७६ (National eHealth Roadmap 2019) लाई अनुमोदन गरेको छ । सरकारले निर्माण गरेको विद्युतीय शासन तथा परस्पर सञ्चालन ढाँचा, २०६७ (e-Governance and Interoperable framework 2010) ले विभिन्न प्रणालीहरुलाई एक-आपसमा संचालन गर्न मिल्नेगरी मापदण्ड बनाउन र निःशुल्क तथा खुला सफ्टवेयर प्रणालीको प्रयोगलाई बढावा दिन सिफारिस गरेको छ ।

चित्र ५ ले सूचना तथा सञ्चार प्रविधिमा आधारित रहेको नियमित स्वास्थ्य सूचना प्रणाली र विद्युतीय स्वास्थ्य संरचनाको वर्तमान स्थिति र भावी योजना गरिएका प्रणालीहरु बारे जानकारी गराउँदछ ।

चित्र ५:हालको नियमित स्वास्थ्य सूचना प्रणाली र योजना गरिएको विद्युतीय स्वास्थ्य संरचनामा आधारित एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्गचित्र




Legend:

| | |
|---|---|
| (green) | Fully Functional |
| (yellow) | Partially used |
| (red) | Under development |

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ई-स्वास्थ्य रणनीति (e-Health Strategy), ई-स्वास्थ्य सुशासन (e-Health Governance), सुचना प्रणालीहरूलाई अन्तरसञ्चालन योग्य (interoperable) बनाउन र नि:शुल्क सफ्टवेयर (Free and Open software: FOSS) प्रणाली को अधिकतम प्रयोग गर्न सिफारिस गर्दछ। तसर्थ, प्रस्तावित ई-स्वास्थ्य संरचना राष्ट्रिय स्वामित्व र सु-शासन, कार्यक्रम व्यवस्थापन, पर्याप्त संस्थागत क्षमता, आईसीटी (ICT) र ई-स्वास्थ्य पूर्वाधारमा (e-health Infrastructure) आधारित छ। **(चित्र ५)**

हालका सबै प्रणालिहरु, साझा सेवाहरु (Shared Services), तथ्याङ्कका स्रोतहरु र बिकास भैरहेका प्रणालिहरु बीच धेरै कम मात्र अन्तरसन्चालन योग्य (interoperable) छन्। तसर्थ विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको डिजिटल स्वास्थ्य एटलस (Digital Health Atlas) प्रयोग गरी हालको सबै र भावी योजनामा रहेका सूचनाहरुलाई वस्तुस्थिती बिष्लेषण गरी यो मार्गचित्रलाई आधार मानेर सरोकारवालाहरू, विशेष गरी सरकार र विकास साझेदारहरूले खाकाको कार्यान्वयनलाई बढावा दिन सक्नेछन् ।

## ३ मुख्य चुनौती तथा प्राथमिकताहरु (Issues and Priorities)

**मुख्य चुनौती तथा समस्याहरु** :

- स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको एकिकृत रुपमा संचालन गर्ने प्रक्रिया।
- स्वास्थ्य सूचना प्रणालीहरुलाई विद्यमान प्रविधि अनुसार परिवर्तन गर्न ।
- सम्पूर्ण स्वास्थ्य सूचना प्रणालीहरुलाई एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा समायोजन गर्दै लैजानु ।
- विभिन्न स्वास्थ्य सूचना प्रणालीहरु बीचको पारस्परिक सूचना आदान प्रदान तथा कार्य संचालनका लागि समन्वय, र त्यसकोलागि आवश्यक मापदण्डको तयारी तथा प्रयोग ।
- पूर्णरुपमा एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीका लागि आवश्यक पर्ने श्रोतको ब्यवस्थापन।
- सूचना ब्यवस्थापनमा आधुनिक सूचना प्रबिधीको प्रयोग न्युन रहेको।
- तथ्याङ्कको गुणस्तर सुधार, विश्लेषण, व्याख्या र प्रयोग गर्नका लागि आवश्यक जनशक्तिको क्षमता विकास।
- स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसंग सम्बन्धित विभिन्न पक्षका बिज्ञहरू (आइ टि सँग सम्बन्थित सहित) को एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा अभाव रहेको ।
- सवै तहका स्वास्थ्य संस्थाहरुबाट पूर्ण प्रतिवेदन तथा समयमा प्रतिवेदन गर्ने ब्यवस्था ।

- स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) र स्वास्थ्य सम्बन्धी दिगो विकास लक्ष्यका लागि आवश्यक सूचकसंग एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसंगको तालमेल ।

**प्राथमिकताहरू**

- अधिकतम रेखदेख र जवाफदेहिताकालागि स्वास्थ्य तथ्याङ्क र विद्युतीय स्वास्थ्य सञ्चालन संयन्त्र निर्माण ।
- एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीका सूचनाहरु स्थानीय प्रदेश र संघबाट प्रयोग गर्ने परिपाटीको विकास गर्ने ।
- सूचना प्रणालीमा भएका तथ्यांक एक अर्को सूचना प्रणालीमा आबश्यकता अनुसार रुपान्तरण गर्ने ।
- तथ्याङ्कमा आधारित योजना निर्माण र निर्णय गर्ने व्यवहारका लागि पैरवी गर्ने ।
- राष्ट्रिय विद्युतीय स्वास्थ्य रणनीति, २०७४ र सो को मार्गचित्र २०७६ र एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीलाई समान्जस्यता कायम गर्ने ।
- स्थापना गरिएका नियमित स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीहरू पुर्णरुपमा सञ्चालनमा ल्याउने ।
- तथ्यमा आधारित योजना तर्जुमा र व्यवस्थापनका लागि तथ्याङ्क विश्लेषण र प्रयोग गर्ने सम्बन्धमा संस्थागत क्षमता अभिबृद्दि पूर्णरुपमा गर्ने।
- स्वास्थ्य क्षेत्रमा भएको लगानी अनुसारको प्रतिफल विश्लेषण गर्ने नियमित तथ्यांकिय प्रणालीको विकास गर्ने ।
- ई श्रोत केन्द्र स्थापना गर्ने ।
- सूचना ब्यवस्थापनको संस्थागत बिकासका लागि एकिकृत मार्ग-चित्र तयार गरि प्रयोगमा ल्याउने।
- नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता, विद्यमान नीति रणनीतिको आधारमा स्वास्थ्य ब्यवस्थापनका सूचकहरुलाई परिमार्जन र समायोजन गर्ने ।
- स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसंग सम्बन्धित विभिन्न पक्षका बिज्ञहरू (आइ टि सँग सम्बन्थित सहित) को एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली भित्रै व्यवस्थापन गर्ने ।

## ४. निर्देशक सिद्धान्त

- स्वास्थ्य सूचना प्रणालीसंग सम्बन्धित संवैधानिक व्यवस्थाहरु ।

- राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा जनसंख्यिक तथ्यांक ब्यवस्थापन, अनुसन्धान तथा विश्लेषण र विद्यमान सूचना प्रणालीलाई थप ब्यवस्थित, प्रविधिमैत्री वनाउँदै नीति निर्माण तथा निर्णय प्रक्रियामा सूचनालाई प्रयोग ।
- नेपाल स्वास्थ्य क्षेत्र सुधार रणनीतिमा (सन् २०१५-२०२१) स्वास्थ्य सम्बन्धी सूचनाको उपलब्धता र सवै तहका सरकारबाट बनाइने योजना प्रकृयामा यसको प्रयोग ।
- नेपाल जनस्वास्थ्य सेवा ऐन २०७५ : स्वास्थ्य सेवा प्रदान गर्ने सवै स्वास्थ्य संस्थाहरुले नेपाल सरकारले तोकेको ढाँचामा तोकिएको समयमा प्रतिवेदन गर्नु स्वास्थ्य संस्था प्रमुखको कर्तब्य ।
- नेपाल सरकारको १५ औं योजनामा विश्वासनिय, गुणस्तरीय तथा अन्तराष्ट्रिय स्तरमा तथ्यांक उत्पादन गरी नियमित आपूर्तिको ब्यवस्थाका साथै तथ्यांकिय क्रियाकलापमा निकायगत तथा तहगत समन्वय स्थापना गरी संघिय संरचना अनुरुपको तथ्यांक प्रणाली विकास गर्नु ।

## ५. रणनीतिक दिशा

- एकिकृत स्वास्थ्य सूचना प्रणालीको सुदृढिकरण गरी तथ्याङ्कमा आधारित योजना निर्माण र निर्णय प्रणालीको संस्थागत विकास गर्ने।
- स्वास्थ्य सूचनामा सरोकारवाला तथा समग्र नागरिकको पहुँच वृध्दि गर्ने ।
- कानूनी तथा नीतिगत ब्यवस्था सुदृढ बनाउने ।
- सूचना प्रणालीहरूको सुदृढिकरण तथा बिकास कार्यकालागि आधुनिक सूचना प्रबिधिको अत्याधिक उपयोग गर्ने ।
- सम्पुर्ण सूचनाका स्रोतहरुलाई सुदृढ र एकिकृत गरी एक-द्वार प्रणालीमा आवध्द गर्ने।
- तीन तहका सरकारहरु वीच र सम्बन्धित सरोकारवालाहरूसँग समन्बय, सहकार्य र साझेदारीमा एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई सवल बनाउने ।

### दूरदृष्टि

- गुणस्तरीय स्वास्थ्य सूचना, उपयुक्त निर्णय र जनस्वास्थ्यमा सुधार ।

### ध्येय

एकिकृत स्वास्थ्य सूचना प्रणालीको संरचना विकास गरी स्वास्थ्य प्रणालीहरुको सुदृढीकरण, स्वास्थ्यमा सर्वव्यापी पहुँच, स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्य हासिल गर्ने ।

### लक्ष्य

- गुणस्तरिय स्वास्थ्य तथ्याङ्कको उपलब्धताको सुनिश्चित गरी सबल स्वास्थ्य प्रणालीको बिकास गर्ने

## उद्देश्य

- स्वास्थ्य कार्यक्रमका प्रभावको मापन गर्न, स्वास्थ्य क्षेत्रका सूचनाको आवश्यकता पुरा गर्न र ति सूचनाहरु प्राप्त गर्नका लागि आवश्यक क्रियाकलाप र लगानीका क्षेत्र पहिचान गर्नु ।

- निर्णय प्रक्रियामा सघाउन गुणस्तरीय स्वास्थ्य तथ्याङ्क र सूचनाको उपलब्धता सुनिश्चित गर्नका लागि मार्ग निर्देश गर्नु ।

- विद्यमान स्वास्थ्य सूचना प्रणालीहरु र स्वास्थ्य तथ्याङ्कका स्रोतहरुलाई सुदृढ पार्न दिशानिर्देशित गर्नु र साझेदारीलाई बढाउँदै दिगोपना सुनिश्चित गर्नु ।

- स्वास्थ्य क्षेत्र रणनीति, सहश्राब्दी विकास लक्ष एवं संघीय, प्रदेश र स्थानीय तहका बार्षिक तथा आवधिक योजनाका लागि प्राथमिकिकरणका आधारमा निर्णय का लागि विस्तृत जानकारी प्राप्त गर्नु।

## ६. नतिजा खाका

- यस मार्ग चित्रले कुल १४ वटा प्रतिफल (Outputs) र चार वटा नतिजाहरू (Outcomes) प्राप्त गर्दै लक्ष हाँसिल गर्ने तय गरेको र समग्र नतिजा खाकालाई तलको तालिकामा प्रस्तुत गरिएको छ । यस मार्गचित्रको कार्यान्वयनको प्रगति अनुगमन गर्नका लागि प्रयोग हुने नतिजा अनुगमन खाका अध्याय ७ मा राखिएको छ ।

- यस मार्गचित्रले तय गरेका प्रतिफल, असर तथा लक्ष हाँसिल गर्न गरिनु पर्ने मूख्य कृयाकलापहरुलाई समय तालिका र जिम्मेवार निकायको पहिचान सहितको मार्गचित्र तल दिईएको छ । यसै गरी प्रदेश तथा स्थानीयतहमा गरिनु पर्ने मूख्य कृयाकलापहरुलाई समय तालिका र जिम्मेवार निकायको पहिचान सहित क्रमशः अनुसूचि ४ र ५ मा उल्लेख गरिएको छ । प्रदेश तथा स्थानीयतहले यस मार्गचित्रलाई एउटा खाकाका रूपममा लिई आफ्नो आवश्यकता अनुरूप परिमार्जन सहितको मार्गचित्र तयार गरी लागू गर्नु पर्नेछ ।

**तालिका १ : मार्गचित्रले अपेक्षा गरेका लक्ष्य, नतिजा, प्रतिफल र मूख्य सूचकहरू**

| लक्ष्य (Goal) | नतिजा (Outcome) | प्रतिफल (Output) | मूख्य सूचक (Key Indicator) |
|---|---|---|---|
| गुणस्तरिय स्वास्थ्य तथ्याङ्कको उपलब्धताको सुनिश्चित गरी सबल स्वास्थ्य प्रणालीको बिकास गर्ने | १. स्वास्थ्य सूचना ब्यवस्थपनका लागि पर्याप्त कानूनी तथा नीतिगत एवम् स्रोत-साधनको ब्यवस्था हुने | १.१ तिनै तहमा स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक ऐन, नियमावली, नीति, रणनीति, मापदण्ड बिकास/परिमार्जन हुने । | स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक ऐन, नियमावली, नीति, रणनीति तथा मापदण्डहरुको उपलब्धता (तहगत रुपमा खण्डीकृत संख्या) । |
| | | १.२ तीन वटै तहमा स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक निर्देशिका, अभिलेख र प्रतिबेदन फाराम उपलब्ध हुने । | अभिलेख र प्रतिबेदन फाराम बर्ष भरी उपलब्ध भएका स्वास्थ्य संस्थाको प्रतिशत । |
| | | १.३ स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक आर्थिक स्रोतको ब्यवस्था हुने । | स्वास्थ्य क्षेत्रको कुल बार्षिक बजेटमध्ये सूचना ब्यवस्थापनमा बिनियोजन प्रतिशत ।<br>स्वास्थ्य सूचना ब्यवस्थापनमा विनियोजित बजेटमध्ये को खर्च प्रतिसत । |
| | २: तीन वटै तहमा सुदृढ, एकीकृत एवम् प्रविधियुक्त स्वास्थ्य सूचना प्रणालीको बिकास र निरन्तरता । | २.१ हाल सञ्चालित तथा नयाँ बिकास हुने स्वास्थ्य सूचना प्रणालीहरू प्रबिधी मैत्री हुनुका साथै अन्तर संचालन योग्य (Interoperable) हुने। | अन्तर संचालन योग्य Interoperable) स्वास्थ्य सूचना प्रणालीहरूको प्रतिशत |
| | | २.२ एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीका लागी आवश्यक संस्थागत बिकास भएको हुने । | ▪ संघमा तोकिए अनुसार संस्थागत संरचनाको बिकास भएको<br>▪ एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन शाखा वा ईकाई स्थापना भएका प्रदेश, स्वास्थ्य कार्यालय तथा स्थानीय तहको संख्या |
| | | २.३ स्वास्थ्य सूचना/तथ्याङकको सुरक्षित भण्डारको व्यवस्थापन हुने । | Health Data Center बिकास भएको |
| | | २.४ स्वास्थ्य सूचना ब्यवस्थापनमा आधुनिक सूचना प्रबिधिको अधिकतम उपयोग भएको हुने । | Electronic medical record (EMR) प्रणाली लागू भएका स्वास्थ्य संस्थाको संख्या । |

| | | | |
|---|---|---|---|
| | | | स्वास्थ्य संस्था आफैले स्वास्थ्य सूचनाहरु प्रबिस्ट तथा dashboard को प्रयोग गर्ने स्वास्थ्य संस्थाको संख्या/(%)। |
| | | २.५ राष्ट्रिय स्वास्थ्य सूचना प्रणाली सम्बन्धी अध्ययन/अनुसन्धान हुने । | राष्ट्रिय स्वास्थ्य सूचना प्रणाली सम्बन्धमा भएका अध्ययन/अनुसन्धानको संख्या (वार्षिक) |
| | ३. सबै तहमा गुणस्तरीय स्वास्थ्य सूचना सर्बसुलभ उपलब्ध हुने। | ३.१ नागरिक तहमा आफ्ना तथा सार्वजनिक स्वास्थ्य सूचनाहरूको उपलब्धता हुने । | सार्वजनिक सरोकारका स्वास्थ्य सूचनाको पोर्टल बिकास भएको र यसका प्रयोग संख्या (Views/hits) |
| | | ३.२ नीति तथा कार्यक्रम निर्माण, ब्यवस्थापन तथा अनुगमनका लागि आवश्यक सूचना/तथ्याङ्कहरू उपलब्ध हुने । | NHSS-RF का सूचकहरू मध्ये तथ्याङ्क उपलब्ध भएका सूचकहरूको संख्या |
| | | ३.३ स्वास्थ्य सेवा प्रदायकका लागि सेवाग्राही, समूदाय तथा स्रोत साधन सम्बन्धि आवश्यक स्वास्थ्य सूचना/तथ्यहरू उपलब्ध हुने । | सेवा प्रदायकको आवश्यकता अनुसारको स्वास्थ्य सूचना/तथ्यहरू उपलब्ध नभएको प्रतिशत (सेवा प्रदायक सर्वे)। |
| | | ३.४ अनुसन्धानकर्ता, प्राज्ञ, बिकास साझेदार, लगायत अन्य सरोकारवालाहरू लाई आवश्यक स्वास्थ्य सूचना/तथ्यहरू उपलब्ध भएको हुने । | अनुसन्धानकर्ता, प्राज्ञ, बिकास साझेदार, लगायत अन्य सरोकारवालाहरूको आवश्यकता अनुसारको स्वास्थ्य सूचना/तथ्यहरू उपलब्ध नभएको प्रतिशत (सेवा प्रदायक सर्वे)। |
| | ४. बिभिन्न सरोकारवालाहरूसँग साझेदारीको बिकास हुने। | ४.१ स्वास्थ्य सूचनासँग सम्बन्धित निकायहरूसँग सम्बन्ध स्थापना, बिकास र सुधृढ हुने । | साझेदार बिकास निकाय/संस्थाहरूले सहयोग गरेका स्वास्थ्य सेवाहरूको प्रगति अनुगमन, तथा मूल्यांकन एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीको तथ्यांक बाट गर्ने साझेदार बिकास निकाय/संस्थाको संख्या। |
| | | ४.२ गैरस्वास्थ्य निकाय, अनुसन्धान गर्ने निकाय, प्राज्ञिक क्षेत्र र स्वास्थ्य साझेदारहरुसित साझेदारी निर्माण गर्ने। | साझेदारहरु निकायहरूले राष्ट्रिय स्वास्थ्य सूचना ब्यवस्थापनमा गरेको लगानीको प्रतिशत। |

## ७. एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्गचित्र कार्यान्वयनका लागि संस्थागत संरचना र तहगत कार्यहरु

एकिकृत स्वास्थ्य सूचना मार्गचित्रले राखेका उद्‍देश्य पुरा गर्न र स्वास्थ्य क्षेत्रका समग्र सूचनाको प्रभावकारी व्यवस्थापनका लागि संघीय, प्रादेशिक तथा स्थानीय तहसम्म स्वास्थ्य सूचना व्यवस्थापनका लागि उपयुक्त संरचना स्थापना वा स्तरोंन्नति गरिनु आवश्यक छ ।

### ७.१. संघीय तह

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतका महाशाखा तथा विभागहरु, स्वास्थ्य परिषदहरु,शैक्षिक प्रतिष्ठान तथा अनुसन्धान मुलक संस्थाहरु, स्वास्थ्य सेवा विभाग अन्तर्गतका विभिन्न महाशाखा तथा केन्द्रहरु, प्रदेश तथा स्थानीय तहहरु र स्वास्थ्य सूचनासंग सम्बद्ध निकायहरु; केन्द्रिय तथ्यांक विभाग, राष्ट्रिय परिचय पत्र तथा पन्जिकरण विभाग, विभिन्न तहका सरकारी, गैह्र-सरकारी तथा निजी स्वास्थ्य संस्थाहरु लगायतसंगको समन्वयलाई सुदृढ बनाई एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन र यस मार्गचित्रलाई कार्यान्वयन गर्न बैज्ञानिक बिधि द्‍वारा उपयुक्त संरचनाको व्यवस्था गरिने छ ।

यस मार्गचित्रलाई कार्यान्वयन गर्न संघिय तहको कार्यान्वयन योजना तल प्रस्तुत गरिएको छ ।

## तालिका २ : एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्गचित्रको कार्यान्वयन योजना (संघिय तह)

| प्रतिफल | प्रमुख क्रियाकलापहरू | जिम्मेवारी | समयावधि (२०२२-३०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
| १.१ तिनै तहमा स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक ऐन, नियमावली, नीति, रणनीति, मापदण्ड बिकास/परिमार्जन हुने । | ▪ EMR र EHR को लागि मापदण्ड बिकास गरी लागू गर्ने । | गुणस्तर मापन तथा नियमन महाशाखा, MD | xxx | xxx | | | | | | | |
| | ▪ तिनै तहमा अनुगमन तथा मूल्यांकन सम्बन्धि निर्देशिका तयार गरी लागू गर्ने । | नीति, योजना तथा अनुगमन महाशाखा | xxx | | | | | | | | |
| | ▪ स्वास्थ्य सूचनाको सार्वजनिक प्रयोगको निर्देशिका तयार गरी लागू गर्ने । | IHIMS-MD | xxx | xxx | | | | | | | |
| | ▪ स्वास्थ्य सूचना सम्वन्धी निर्देशिका तथा फारामहरूको बिकास तथा अध्यावधिक गरी लागू गर्ने । | IHIMS-MD | xxx | | | | xxx | | | | xxx |
| | ▪ Software बिकासका लागि Fast Healthcare Interoperability Resources (FHIR), ICD-11 जस्ता मापदण्डहरू तयार गरी कार्यान्वयन गर्ने । | IHIMS-MD | xxx | | | | | | | | |
| १.२ तीन वटै तहमा स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक निर्देशिका, अभिलेख र प्रतिबेदन फाराम उपलब्ध हुने | ▪ स्वास्थ्य सूचना ब्यवस्थापनका लागि अध्यावधिक निर्देशिका, अभिलेख र प्रतिबेदन फारामहरु तयार गरी DoHS website मा अपलोड गर्ने । | IHIMS-MD | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ संघिय तहको स्वास्थ्य संस्थामा निर्देशिका, अभिलेख र प्रतिबेदन फाराम उपलब्ध गराउने । | MD | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ तिनै तहका स्वास्थ्य संस्थाहरुमा निर्देशिका, अभिलेख र प्रतिबेदन फाराम उपलब्ध भए नभएको सुनिस्चितता गर्ने । | MD | xxx | | | | xxx | | | | xxx |
| १.३ स्वास्थ्य सूचना ब्यवस्थपनका लागि आवश्यक आर्थिक स्रोतको ब्यवस्था हुने। | ▪ तिनै तहमा स्वास्थ्य सूचना व्यवस्थापनका लागि स्रोत-साधनको परिचालन योजना तयार गरी लागु गर्ने। | PPMD-MoHP, MD-DoHS | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा संलग्न सरोकारवाला निकायसंग लगानीको सुनिस्चितताका लागि समन्वय तथा छलफल गर्ने । | नीति, योजना तथा अनुगमन महाशाखा/MD | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| २.१ हाल सञ्चालित तथा नयाँ बिकास हुने स्वास्थ्य सूचना प्रणालीहरू प्रबिधी मैत्री हुनुका साथै अन्तर संचालन योग्य (Interoperable) हुने । | ▪ Health Facility Registry लगायत अन्य registry हरु Open HIE अथवा AeHIN को ढांचा बमोजिम बिकाश गरी परस्पर आवध्द (interoperability) को आधार तयार गर्ने । | PPMD-MoHP, QRSD-MoHP, MD-DoHS | xxx | xxx | xxx | | | | | | |
| | ▪ हाल संचालनमा रहेका तथा नया बिकाश हुने नियमित सूचना प्रणालीहरू (MISs)लाई प्रबिधिमैत्री तथा परस्पर आवध्द interoperable बनाउने । | IHIMS, MD तथा सम्बन्धित निकायहरु | | xxx | xxx | xxx | | | | | |

| प्रतिफल | प्रमुख क्रियाकलापहरू | जिम्मेवारी | समयावधि (२०२२-३०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
| | ▪ Standards and interoperability Lab को स्थापना गर्ने | PPMD-MoHP, QRSD-MoHP, MD-DoHS | xxx | xxx | | | | | | | |
| | ▪ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग (DoNIDCR) र एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन शाखा (IHMIS) बीच आवश्यक सूचना आदान प्रदान गर्ने प्रणालीको बिकास गर्ने | IHIMS, MD तथा DoNIDCR | | xxx | xxx | xxx | | | | | |
| | ▪ स्वास्थ्य प्रणालीका तथ्यांकहरू उपलब्ध गर्ने अन्य संबद्ध निकाय र एकिकृत स्वास्थ्य ब्यवस्थापन सूचना शाखा (IHIMS) बीच आवश्यक सूचना आदान प्रदान गर्ने प्रणालीको बिकास गर्ने | IHIMS, MD तथा सम्बन्धित निकायहरु | | | | xxx | xxx | | | | |
| २.२ एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीका लागी आवश्यक संस्थागत बिकास भएको हुने । | ▪ एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीका लागी संघीयतहको संगठन तथा व्यवस्थापन सर्वे (O&M Survey) गरी कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | xxx | xxx | | | | | | | |
| | ▪ एकिकृत स्वास्थ्य सूचना ब्यवस्थापन प्रणालीका लागी उपयुक्त भौतिक पुर्वाधारको विकास गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | xxx | xxx | | | | | | |
| | ▪ स्वास्थ्य तथ्याङ्कको गुणस्तर सुनिश्चितताका लागि संयन्त्र बिकास गर्ने । | PPMD-MoHP, QRSD-MoHP, MD-DoHS | xxx | | | | | | | | |
| २.३ स्वास्थ्य सूचना/तथ्याङ्कको सुरक्षित भण्डारको व्यवस्थापन हुने । | ▪ २४/७ दिन सुचारु हुने स्वास्थ्य तथ्याङ्क केन्द्र (Health Data Center) बिकास तथा सुध्रिण गर्ने<br>• तथ्याङ्क सुरक्षा (Data security) लाई संस्थागत गर्ने<br>• 24/7 Power back up सुनिश्चित गर्ने<br>• 24/7 मानव संसाध को सुनिश्चितता गर्ने | व्यवस्थापन महाशाखा-IHIMS | xxx | xxx | | | | | | | |
| २.४ स्वास्थ्य सूचना ब्यवस्थापनमा आधुनिक सूचना प्रबिधिको अधिकतम उपयोग भएको हुने । | ▪ सबै स्वास्थ्य संस्थाहरूबाट अनलाईन रिपोर्टिङ गर्ने | MD-IHIMS, SDPs | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ सेवा रजिस्टरहरुलाई Digitize गर्ने र परिक्षण गरी क्रमश लागुगर्ने | MD-IHIMS | xxx | | | | | | | | |
| | ▪ सबै संघीय सरकारी अस्पतालहरु मा electronic medical record (EMR) प्रणाली लागू गर्ने | संघीय सरकारी अस्पतालहरु | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ सबै निजी,गैर सरकारी तथा सामुदायिक अस्पतालहरूमा electronic medical record (EMR) प्रणाली लागू गर्ने | निजी,गैर सरकारी तथा सामुदायिक अस्पतालहरू | | | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ डिजिटल स्वास्थ्य एटलस विकास गरिएको र अद्यावधिक गर्ने | स्वास्थ्य सूचना व्यवस्थापन निकायहरु | xxx | | | xxx | | | xxx | | |

| प्रतिफल | प्रमुख क्रियाकलापहरू | जिम्मेवारी | समयावधि (२०२२-३०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
| २.५ राष्ट्रिय स्वास्थ्य सूचना प्रणाली सम्बन्धी अध्ययन/अनुसन्धान हुने । | ▪ संचालनमा रहेका राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीको परीक्षण (System audit) गर्ने । | IHIMS , तेश्रो पक्षबाट | xxx | | | | xxx | | | | xxx |
| ३.१ नागरिक तहमा आफ्ना तथा सार्वजनिक स्वास्थ्य सूचनाहरूको उपलब्धता हुने । | ▪ सार्बजनिक वेव पोर्टल निर्माण गर्ने । | MD, DoHS | xxx | | | | | | | | |
| | ▪ सबै स्थानीय तह, प्रदेश र केन्द्रमा राखिने डयासबोर्डको खाका तयार गर्ने । | MD, DoHS | xxx | | | | | | | | |
| | ▪ सबै स्थानीय तह, प्रदेश र केन्द्रमा डयासबोर्ड स्थापना गर्ने । | C/P/L (MD, DoHS) | | xxx | | | | | | | |
| | ▪ सवै नागरिकलाई राष्ट्रिय स्वास्थ्य आई डी (National Health ID) नम्बर उपलब्ध गराउने प्रविधिको विकास गर्ने । | QRSD, MoHP | xxx | xxx | xxx | | | | | | |
| | ▪ सबै स्थानीय तह, प्रदेश र केन्द्रबाट बार्षिक प्रगति प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने । | C/P/L (MD, DoHS) | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| ३.२ नीति तथा कार्यक्रम निर्माण, ब्यवस्थापन तथा अनुगमनका लागि आवश्यक सूचना/तथ्याङ्कहरू उपलब्ध हुने। | ▪ NHSS, SDG,BHCS मा भएका सवै सूचकहरु, तथा राष्ट्रिय योजना आयोग ले तय गरेका स्वास्थ्य सँग सम्बन्धित सूचकहरु प्राप्त हुने प्रणालिको विकास गर्ने । | PPMD, MoHP | xxx | xxx | xxx | | | | | | |
| | ▪ मुख्य मुख्य सूचकहरुको अवस्थाको बारेमा मासिक रुपमा सम्बन्धित निकायहरुमा प्रेसित गर्ने । | MD, DoHS | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx |
| | ▪ नीति निर्माण कर्ताका लागि डयासबोर्ड स्थापना गर्ने। | MD, DoHS | xxx | xxx | | | | | | | |
| ३.३ स्वास्थ्य सेवा प्रदायकका लागि सेवाग्राही, समूदाय तथा स्रोत साधन सम्बन्धि आवश्यक स्वास्थ्य सूचना/तथ्यहरू उपलब्ध हुने । | ▪ स्थानिय तह अनुसारका सबै स्वास्थ्य सस्थामा EMR-EHR लागू गर्ने | PPMD, MoHP | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | xxx | |
| | ▪ सबै वडा, स्थानीय तह अनुसारको रोगको भारको राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीको विकास गर्ने | MD, DoHS | xxx | xxx | xxx | | | | | | |
| | ▪ स्थानिय तह अनुसार ई-स्रोत केन्द्र (e-resource center) स्थापनाको लागि खाका तयार गर्ने । | MD, DoHS | xxx | xxx | | | | | | | |
| | ▪ स्थानिय तह अनुसार ई-स्रोत केन्द्र (e-resource center) स्थापना गर्ने । | C/P/L | | xxx | xxx | xxx | | | | | |
| | ▪ अस्पतालहरुमा उपलब्ध मूख्य मुख्य औषधि तथा सामाग्रीहरुको सूचना प्रणाली तयार गर्ने / मौजुदा प्रणालीमा विस्तार तथा विकास गर्ने । | MD, DoHS | xxx | xxx | xxx | xxx | | | | | |
| | ▪ स्वास्थ्य सूचनाको आवश्यकता पहिचान गर्ने। | MD, DoHS | xxx | | | | | | | | |

| प्रतिफल | प्रमुख क्रियाकलापहरू | जिम्मेवारी | समयावधि (२०२२-३०) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
